# राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०३ अंक- २२, २०८२ साउन

**महासंघको परिचय:**

राष्ट्रिय बाहिरा महासंघ नेपाल सुनाइ सम्बन्धी अपाङ्गता भएका बहिरा व्यक्तिहरुको हकअधिकार, विकास, संजालीकरण तथा प्रतिनिधित्वका लागि गठित राष्ट्रिय स्तरको छाता संगठन हो। सन् १९९५ मा ८ जिल्ला बहिरा संघहरुको पहलकदमीमा स्थापना भएको यस महासंघमा हालसम्म ५४ जिल्ला बहिरा संघहरु आबद्ध रहेका छन्। देशको संघीय संरचना अनुसार महासंघ अन्तर्गत ७ वटै प्रदेश समितिहरु गठन भै क्रियाशिल रहेका छन्। जिल्ला प्रशासन कार्यालय काठमाडौँ र समाज कल्याण परिषदमा दर्ता भएको एक गैरसरकारी, गैरराजनीतिक, गैरनाफामुखी र सामाजिक संस्था हो। सन् १९९६ मा अन्तर्राष्ट्रिय मानव अधिकार संगठन, बिश्व बहिरा महासंघ (WFD) र क्षेत्रीय सचिवालय (WFD RS A/P) सँग आबद्ध रहेको छ।

महासंघले बहिरा व्यक्तिहरूको अधिकार सुनिश्चित गर्न कानूनी प्रावधानहरूका लागि वकालत गर्दै आएको छ। नेपाली साङ्केतिक भाषाको विकास, विभिन्न सामग्री निर्माण, तालिम संचालन तथा प्रचार-प्रसार, जिल्ला बहिरा संघहरुको स्थापना तथा क्षमता विकास, साङ्केतिक भाषाको दोभाषे उत्पादन तथा बहिरा व्यक्तिहरूको लागि दोभाषे सेवा, जनचेतना कार्यक्रम संचालन गर्दै आएको छ। महासंघले बहिरा बालबालिकाहरुको गुणस्तरीय शिक्षा, संचार, श्रवणदृष्टि विहीन बालबालिकाको पहिचान, श्रोत केन्द्रको स्थापना गरी शैक्षिक विकास, शिक्षक तालिम, स्वास्थ्य सेवामा पहुँच, बहिरा नागरिकहरुलाई रोजगार तालिम तथा अधिकारको वकालत, न्यायमा पहुँच, प्राकृतिक प्रकोपबाट सुरक्षा लगायत समाजमा समानता र भेदभावरहित वातावरण निर्माण, बहिरा संस्कृतिको प्रवर्धन लगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

थप अपडेटको लागी वेवसाइट, फेसबुक, ट्वीटर र युटुब हेर्दै गर्नुहोला।

## हाम्रो सम्पर्क:

**राष्ट्रिय बहिरा महासंघ नेपाल (National Federation of the Deaf-Nepal)**

पो.ब.नं. ११३३८,काठमाडौँ, नेपाल, फोन/फ्याक्स ९७७-१-४४३५५१४, ९८५११४४८०१ (SMS),

इमेल: info@deafnepal.org.np, admin@deafnepal.org.np

वेबसाइट : www.deafnepal.org.np

राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# “बहिरा आवाज”

वर्ष -०३ अंक- २२, २०८२ साउन

## यस अंक भित्रः

**विषय-सूची** **पेज**


- **अपाङ्गताको दृष्टिकोणबाट दिगो विकास लक्ष्य कार्यान्वयन स्थिति सम्बन्धि गोष्ठी सम्पन्न** - २
- **बिभिन्न बिषयमा जानकारीमुलक भिडियो निर्माण** - ३
- **अपाङ्गता संवाद टेलिभजन कार्यक्रम** - ४


## अपाङ्गताको दृष्टिकोणबाट दिगो विकास लक्ष्य कार्यान्वयन स्थिति सम्बन्धि गोष्ठी सम्पन्न

राष्ट्रिय बहिरा महासंघ नेपाल, अपाङ्गता भएका महिलाहरुको महासंघ नेपाल, बहिरादृष्टि बिहिन अभिभावक समाज र राष्ट्रिय साङ्केतिक भाषा दोभाषे संघ नेपालको संयुक्त आयोजना तथा अपाङ्गता अधिकार कोषको आर्थिक सहयोगमा अपाङ्गताको दृष्टिकोणबाट दिगो विकास लक्ष्य कार्यान्वयन स्थिति अध्ययन प्रतिवेदनमाथि मिति २०८२ साउन २६ गते १ दिने गोष्ठी सम्पन्न भएको थियो।



*कार्यक्रममा सहभागीहरु*

“कसैलाई पछाडी नछोड्ने” अवधारणावाट दिगो विकास लक्ष्य २०३० विश्वभर कार्यान्वयनमा रहेको छ। तर अपाङ्गता भएका व्यक्तिका सम्बन्धमा दिगो बिकास लक्ष्यका सुचकहरुको कार्यान्वयन नेपाल लगायतका अल्पविकसित देशहरुमा निकै फितलो रहेको छ।

यसै सन्दर्भमा नेपालमा अपाङ्गताको दृष्टिकोणबाट दिगो विकास लक्ष्य कार्यान्वयन अवस्थाबारे अपाङ्गता समावेशी विकास विज्ञ श्री कृष्ण गहतराज र राष्ट्रिय बहिरा महासंघका निवर्तमान अध्यक्ष के.पी. अधिकारीज्यूले संयुक्त रुपमा अध्ययन प्रतिवेदन मस्यौदामाथि छलफल एवं सुझाब संकलन गर्न आयोजित गोष्ठीमा अध्ययनकर्तावाट संयुक्त रुपमा

प्रस्तुतीकरण गरिएको थियो। उक्त कार्यक्रममा भाषा आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय तथ्यांक केन्द्र, सूचना संचार तथा प्रविधि मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग, काठमाण्डौ महानगरपालिका तथा अपांगता क्षेत्रमा क्रियाशील संघसंस्थाहरुबाट ३८ जना प्रतिनिधिहरुको सहभागिता रहेको थियो।



*कार्यक्रममा सहभागीहरु*

नीतिगत हिसाबले दिगो विकास लक्ष्यमा अपांगता भएका व्यक्तिहरुलाई कसरी सम्बोधन गरिएको छ। त्यसबाट प्राप्त उपलब्धिहरु, देखिएका कमी कमजोरी, अवरोधहरु तथा आगामी मार्गचित्रको बारेमा अध्ययन तथा प्रतिवेदनमा उल्लेख गरिएको छ। सो प्रतिवेदनमाथि छलफल गर्दै कार्यक्रममा सहभागी बिभिन्न प्रतिनिधिहरुले आ-आफ्ना सुझाव प्रस्तुत गरेका थिए। गोष्ठीवाट प्राप्त सुझावहरुलाई समावेश गरी अन्तिम प्रतिवेदन तयार गरी राष्ट्रिय योजना आयोग लगायत सम्बन्धित निकायहरु समक्ष पेश गरिने योजना महासंघले बनाएको छ। अपांगता भएका व्यक्तिहरुले आफ्ना न्युनतम मौलिक अधिकार पनि प्रयोग नगरी आफ्नो जीवन बिताउन बाध्य बन्न नपरोस। दिगो विकास लक्ष्यका सूचकहरु कार्यान्वयनको अवस्था सरकारलाई अवगत गराउने एवं सो को कार्यान्वयनका लागि सरकारसंग सहकार्य गर्ने उद्देश्यले उक्त अध्ययन गरिएको हो।

## बिभिन्न बिषयमा जानकारीमुलक भिडियो निर्माण

राष्ट्रिय बहिरा महासंघ नेपालले अबिलिस फाउन्डेसनको सहयोगमा बहिरा समुदायको सूचना र सञ्चार तथा डिजिटल प्रविधिमा पहुँच अभिबृद्धी परियोजना अन्तर्गत २०२५ मा आरम्भ गरेको साङ्केतिक भाषाको भिडियो निर्माण कार्यले निरन्तरता पायो। बहिरा समुदायका लागि सुचनामुलक, जनचेतनामुलक, उत्प्रेरणामुलक, उत्पादनमुलक, सहभागितामुलक भिडियो सामग्रीहरु पहुँचयुक्त ढाँचामा उत्पादन र प्रसारण गरिएको छ। साउन महिनामा निर्माण गरिएका जानकारीमुलक भिडियो हेर्नुहोस्।

१. सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण तथा लाभग्राही सूचीकरण बारेमा जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।
२. दिगो बिकास लक्ष्यहरु र दिगो बिकासको लक्ष्यका पाँच स्तम्भ बारेमा जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।
३. जलवायु परिर्वतन बारेमा जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।
४. सर्पको टोकाइ बाट कसरी सुरक्षित हुने बारेमा जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।
५. बाढी पहिरोको जोखिम बाट कसरी जोगिने बारेमा जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।
६. अपाङ्गताको परिचय र वर्गीकरण बारेमा जानकारीमुलक भिडियो यहाँ हेर्नुहोस्।

## अपाङ्गता संवाद टेलिभजन कार्यक्रम

राष्ट्रिय बहिरा महासंघ नेपालले अपाङ्गता अधिकार कोषको सहयोगमा गत वर्ष देखि नै अपाङ्गता अधिकार, अवस्था तथा आवश्यकता सम्बन्धमा बिभिन्न प्रकृतिका अपाङ्गताका क्षेत्रमा कार्यरत अभियानकर्ता, सरकारी निकाय एवं सरोकारवालासंग अन्तर्वार्ता एवं अपाङ्गता सम्बन्धमा आयोजित बिभिन्न कार्यक्रम समेटेर सगरमाथा टेलिभजनबाट हरेक शुक्रवार सांझ ६:३० देखि ७:०० बजेसम्म अपाङ्गता संवाद कार्यक्रम सन्चालन गर्दै आएको छ । गत साउन महिनामा बिभिन्न सवालमा जम्मा २ वटा कार्यक्रम तयार गरी प्रशारण गरिएको थियो। पहिलो कार्यक्रम १० औँ अंकमा नेपालमा दिगो बिकास लक्ष्य अपाङ्गता र स्वेच्छिक राष्ट्रिय समिक्षा २०८१ सम्बन्धमा छलफल गोष्ठि प्रशारण गरिएको थियो। दोश्रो कार्यक्रम ११ औँ अंकमा नेपाल अपाङ्ग महिला महासंघका महासचिव एवम् अपाङ्गता अधिकारकर्मी देव कुमारी पराजुलीसँग अपाङ्गता भएका महिलाको सशक्तीकरण कसरी हुन सक्छ? सशक्त बनाउन के कस्ता मार्ग प्रशस्त गरिनुपर्छ? लगायत बिषयमा छलफल गरिएको थियो।







सगरमाथा टेलिभिजन कार्यक्रम तल उल्लेखित लिंकमा हेर्न सकिन्छ।

१. नेपालमा दिगो बिकास लक्ष्य अपाङ्गता र स्वेच्छिक राष्ट्रिय समिक्षा २०८१ सम्बन्धमा छलफल गोष्ठि भिडियो यहाँ हेर्न सक्नुहुनेछ।

२. नेपाल अपाङ्ग महिला महासंघका महासचिव एवम् अपाङ्गता अधिकारकर्मी देव कुमारी पराजुलीसँग संबाद भिडियो यहाँ हेर्न सक्नुहुनेछ।

राष्ट्रिय बहिरा महासंघ नेपालको मासिक बुलेटिन

# "बहिरा आवाज"

वर्ष -०३ अंक- २२, २०८२ साउन

**हाम्रा साझेदार संस्थाहरु :-**




**"साङ्केतिक भाषामा सञ्चार गर्न पाउने बहिरा नागरिकको नैसर्गीक अधिकार सुनिश्चित गर्नु सरकारको दायित्व हो ।"**

* समाप्त !!! *

**सचेतनामूलक सूचना सामाग्री :**

